# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, श्रावण १ गते, २०८० साल संख्या १३


## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौधौं नगर सभा २०८० बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको ऐन**

## भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०८०

**भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०**

**सभाबाट स्वीकृत मिति : २०८० असार २०**

**प्रस्तावना** : भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) वमोजिम १४ औं नगर सभाले यो विधेयक वनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८०।८१ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०८०।८१ को निम्ति नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय

व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २२६८५९४०००।- (अक्षेरुपी दुई अर्ब छब्बीस करोड पचासी लाख चौरानब्बे हजार रुपैयां मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निम्ति भक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम भक्तपुर नगरपालिकाको
स्थानीय संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १३६९४९४०००। | ७५४१०००००। | ० | २१२३५९४०००। |
| २ | | वडा समिति | | ५०००००००। | ० | ५०००००००। |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋण लगानी ब्याज भुक्तानी | ० | ० | ९००००००० | ९०००००००। |
| ५ | | लगानी शेयर | | | ५०००००० | ५००००००। |
| | | | १३६९४९४०००। | ८०४१०००००। | ९५०००००। | २२६८५९४०००। |

**आज्ञाले**
**(विजयकुमार शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०।३।३१ गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**